# CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

Thankot, Kathmandu, www.chandragirihills.com
Phone no : + 977 4312515

## सोह्रौं वार्षिक साधारणसभाको निर्णय

प्रकाशित मिति : २०८२/१०/०७ गते बुधबार

चन्द्रागिरि हिल्स लिमिटेड काठमाडौंको मिति २०८२/०८/२९ गते बसेको ८५औं सञ्चालक समितिको बैठकको निर्णयानुसार आज मिति २०८२ साल पौष २३ गते बुधवार (तदनुसार ७ जनवरी २०२६) का दिन बोलाईएको कम्पनीको सोह्रौ वार्षिक साधारणसभा यस चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेशनमा रहेको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूको सभापतित्वमा दिनको ११.०० बजे शुरु भई १:५० बजे सम्म देहाय बमोजिमका प्रस्तावहरू उपर छलफल गरी निम्नानुसार निर्णय गरी सु-सम्पन्न भयो ।

१. **सभाको सभापतित्व :** कम्पनीको सोह्रौं वार्षिक साधारणसभाको सभापतित्व गरिदिनुहुनको लागि कम्पनी सचिवज्युबाट अनुरोध गरेबमोजिम सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूले सभाको सभापतित्व ग्रहण गर्नु भयो । त्यसपछि संचालक सदस्यज्यूहरू , शेयर सदस्यज्यूहरू र उपस्थित अन्य सम्पूर्ण महानुभावहरूलाई आसन ग्रहण गराउने कार्यक्रम सम्पन्न भयो । तत् पश्चात अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको कार्यक्रमलाई अगाडि बढाउनु भयो ।

२. **सभाको सूचना :** कम्पनीको मिति २०८२/०८/२९ गते बसेको सञ्चालक समितिको बैठकले सोह्रौं वार्षिक साधारणसभा बोलाउनको लागि आजको मिति तोक्ने निर्णय गरे पश्चात् कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२)को व्यवस्था बमोजिम कम्पनीको १६औं साधारणसभाको लागि सभा हुने मिति, समय, स्थान, छलफलका प्रस्तावहरू र शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना क्रमश: मिति २०८२ पौष १ गते मंगलबार र पौष १६ गते बुधवार गरी दुई पटक राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सुचना निकालिएको थियो ।
त्यसैगरि यसरी प्रकाशन गरिएको सूचना सहित कम्पनीको आ.व ०८१/०८२ को लेखापरिक्षण सम्पन्न भएको वासलात, आयव्यय हिसाव र नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक प्रतिवेदन कम्पनीको वेभसाईट धधध।अजबलमचबनष्चष्जर्षीकि।अफ मा समेत शेयरधनी महानुभावहरूको अधिकतम जानकारीको लागि उपलब्ध गराईएको छ ।

३. **उपस्थिति :** शेयरधनीहरूको उपस्थिति संख्या : गणपूरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ वमोजिम)

| विवरण | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी | | उपस्थित शेयरधनी | | जम्मा शेयर धनी संख्या | जम्मा शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | (स्वयं तथा प्रतिनिधि) | (स्वयंतथा प्रतिनिधि मार्फत) |
| सर्वसाधारण समुह | १,५३,४०,९१०. | ६७५ | ६ | १,०३,७०,७५९. | ३,६७,८७८ | ६८१ | १,०७,३८,६३७ |
| कुल शेयर संख्या | १,५३,४०,९१० | ६७५ | ६ | १,०३,७०,७५९ | ३,६७,८७८ | ६८१ | १,०७,३८,६३७ |
| | | | | | | कुल प्रतिशत (%) | ७०.% |

४. **सभाको वैधानिकता :**
कम्पनीको सोह्रौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार बोलाईएको र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तिमा ५ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोकाले कम्पनीको १६औं वार्षिक साधारणसभामा राखिएको शेयरधनीको हाजिरि पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या सो भन्दा बढी भएकाले कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी ऐन अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

५. **सभाको विषय सूची :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, आयव्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशत ले हुन आउने रु ४०,३७,०८२ नगद लाभांश वितरण गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) संचालक समितिका स्वतन्त्र संचालक सदस्यको नियुक्ति अनुमोदन गर्ने ।
२) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरण गर्न योग्य मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।
३) कम्पनीको आ.व. २०८१/०८२ को प्रस्तावित बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजीको १ बरावर १ अनुपातमा हकप्रद शेयर जारी गर्ने ।
४) कम्पनीको प्रबन्धपत्रको दफा ६ को कम्पनीको पूँजी संरचना संसोधन गर्ने ।
५) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरूबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
६) संचालक समितिका सदस्यहरूलाई प्रदान गरिने सेवा सुविधा ।
७) प्रभु बैक लिमिटेडबाट नयाँ परियोजना निर्माणका लागि लिएको कर्जा अनुमोदन गर्ने ।

६. **वार्षिक प्रतिवेदन प्रस्तुती :**
सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री हेम राज ढकालज्यूले सोह्रौं वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नुभयो । तत्पश्चात उहाँबाट कम्पनीको हालसम्म भएगरेका कार्य प्रगती, समस्या तथा समस्या समाधानका लागि चालिएका कदमका विषयमा जानकारी गराउनुभयो ।

७. **वार्षिक प्रतिवेदन उपर छलफल:**
अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरिसके पश्चात उपस्थित शेयरधनीहरूको तर्फबाट प्रस्तुतिकरणको दौरानमा उठेका विषयवस्तुहरू माथि छलफलमा सहभागिता जनाईयो । उपस्थित शेयरधनी महानुभावहरू मध्ये सभामा आई शुभकामना दिनेहरूमा कमश श्री जगन्नाथ आर्चाय, श्री भेषराज भण्डारी, श्री गुणराज भट्ट, श्री सुदिप श्रेष्ठ, श्री ब्रहम्देब शाक्य, श्री उद्धव प्रसाद घिमिरे, श्री इश्वर लामा श्री चन्द्र नारायण श्रेष्ठ, श्री प्रतिक खनाल, श्री नितेश बस्नेत, श्री श्रीहरी थापा, श्री कृष्ण प्रसाद खड्गी, श्री बसन्ती श्रेष्ठ, श्री घनश्याम गिरी लगायतले कम्पनीको १६ औं वार्षिक साधारणसभाको शुभकामना दिनुभयो । यसका साथै उहाँहरूबाट चन्द्रागिरि हिल्सलाई साधारण सभाको बैठक आफ्नै परिसरमा आयोजना गरी शेयरधनीहरूलाई नि:शुल्क केबलकार सेवा तथा जलपानको आतिथ्यता प्रदान गरेकोमा धन्यवाद ज्ञापन समेत गर्नुभयो ।
श्री जगन्नाथ आचार्यबाट कम्पनीको पूँजी बृद्धिको योजना तथा राइट शेयर निष्काशन गरी दीर्घकालीन ऋण रकमको भुक्तानीको योजनाका बारेमा खुशी व्यक्त गर्दै कम्पनीवाट ५ प्रतिशत शेयर लाभांस वितरण गर्न लाग्नु भएकोमा हामी सम्पूर्ण शेयरधनीका लागि आशा लाग्दो प्रतिफलको शुरुवाती भएको भन्दै हर्ष प्रकट गर्नु भयो । यसका साथै कम्पनीको प्रगति प्रति बधाई दिदैं, संस्थागत सुसासन, कर्मचारीहरूको इमान्दारिता, तालिम आदिको मुल्यांकनका लागि सजग गराउँदै आगामी वर्षमा लेखापरिक्षण कार्य समयमा नै सम्पन्न गरी मंसिर भित्रमा साधारणसभा बस्न सक्ने गरी कार्यतालिका बनाउन सुझाव दिदैं यस साधारणसभाका लागि शुभकामना दिनुभयो ।
श्री भेषराज भण्डारीबाट जेनजी आन्दोलनको कममा यस कम्पनीमा समेत पुग्न गएको क्षती प्रति गहिरो दु:ख व्यक्त गर्दै लाभांश तथा हदपद शेयर निश्कासनको प्रस्ताव प्रति धन्यवाद व्यक्त गर्नुभयो । साथै, आगामी दिनहरूमा कम्पनीको आम्दानी वृद्धिका लागि गरिएका प्रयासहरूलाई अझै निरन्तरता दिनु पर्ने सुझाव दिनु भयो ।
श्री गुणराज भट्टबाट चन्द्रागिरि हिल्सको धार्मिक, ऐतिहासिक गरिमाको वर्णन गर्दै उज्वल भविष्यको कामना गर्नुभयो । जेनजी आन्दोलनका कममा सरकारले सुरक्षा दिन सकेको भए यस्तो क्षति व्यहोर्नु पर्ने थिएन भन्दै आगामी दिनहरूमा यस्ता दु:खद खबर सुन्न नपरोस भन्ने कामना गर्नुभयो । यसका साथै उहाँबाट यस प्रकारको परियोजनाको निमार्ण गरी सम्रग चन्द्रागिरि क्षेत्रको महिमा तथा मुलुककै पहिचानको धरोहरका परिकल्पनाकार तथा योजनाकारमा कृतज्ञता प्रकट गर्नुभयो । यसका अतिरिक्त लाभांश वितरण गर्ने गरी ल्याईएको प्रस्ताव प्रति खुशी व्यक्त गर्नुभयो ।
श्री सुदिप श्रेष्ठबाट यस क्षेत्रमा रहेको केबलकारमा यात्रा गर्दा देखिने रमणिय दृश्यहरूवाट नै सबै खुशी हने हुँदा यस केवलकार सेवालाई चुस्त राख्नका लागि कम्पनीवाट गरिएका प्रयासहरूको प्रशंसा गर्दै रिसोर्टमा बस्न आउने शेयर सदस्यहरूलाई केही प्रतिशत छुटको व्यवस्था गर्नसके सबैको अपनत्व महसुस हुने थियो भन्ने सुझाव दिनु भएको थियो । त्यसैगरि साधारणसभालाई एक महिना अगाडी अर्थात मंसिर भित्रमा राख्ने गरी कार्यतालिका बनाउनु हुन समेत अनुरोध गर्नु भयो ।
श्री ब्रहम्देब शाक्यबाट कम्पनीबाट लाभांस वितरण, तथा राइट शेयर जारी गर्ने विषयमा धन्यवाद दिदैं नयाँ परियोजना बैङकेट हल तथा केवलकार निर्माणका लागि प्रभु बैकबाट लिइएको ऋणबाट समयमा नै सम्पन्न हुने गरी कार्य गराउन लाग्नु भएकोमा धन्यवाद दिनु भयो । यसका साथै कम्पनीबाट पर्यटन क्षेत्रमा गरेको योगदानका उचित कदर गर्दे सम्पूर्णलाई धन्यवाद दिनुभयो ।
श्री उद्दव प्रसाद धिमिरेबाट भाद्र २४ गते भएको आन्दोलनका क्रममा यस कम्पनीमा ठूलो क्षती पुग्न गएकोमा दु:ख व्यक्त गर्दे कम्पनीवाट आर्थिक वर्ष ०८१।०८२को कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत वोनस शेयर जारी गर्ने प्रस्ताव हामी सम्पूर्ण शेयरधनीका लागि स्वागतयोग्य कुरा भएको र जेनजी आन्दोलनको क्रममा भएको क्षतीको इन्सुरेन्स दावी गरिएको छ वा छैन यदी दावी गरिसकिएको भए के कती क्षतीबापतको रकम इन्सुरेन्स कम्पनीवाट आएको छ सो बारेमा समेत जानकारी गराइदिनुहुन अनुरोध गर्नु भएको थियो । यसका साथै कम्पनीवाट वार्षिक प्रतिवेदन समयमा नै उपलब्ध गराउनु भएकोमा धन्यवाद दिदै लगानीकर्ताको मनोवल उच्च राख्नका लागि यस पटक एकल अंकमा वितरण गरिएको बोनस शेयर आगामी वर्ष दोहोरो अंकको प्रतिफल प्राप्त हुने आशा राख्दै राइट शेयर निश्कासनको काम छिटो अगाडी वढाउन अनुरोध गर्नु भयो ।
श्री इश्वर लामाबाट केवलकार टिकटमा कम्पनीको तर्फवाट स्थानियवासीहरूलाई परिचयपत्रको आधारमा पचास प्रतिशत छुट दिने घोषणालाई धन्यवाद दिदैं स्थानिय तहमा कम्पनीको तर्फवाट सामाजिक क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दे २०७२को भुकम्पको समयमा गाँउमा पिउने पानीको अभाव समाधानका लागि स्कुल लगायत गाँउमा पिउने पानीको व्यवस्थापन गरिदिनु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । साथै यस पर्यटकीय स्थलमा जसरी भालेश्वर मन्दिर राखिएको छ त्यसै गरी एउटा ठूलो बुद्धको मूर्ति राख्न सकेमा अझै पर्यटक बढन सक्ने भएकाले यस विषयमा समेत ध्यान दिन अनुरोध गर्दै स्थानीय बासिन्दाहरूलाई दिइदैं आएको रोजगारको अवसरलाई आवश्यकता अनुसार वृद्धि गर्दै लैजान अनुरोध गर्नुभयो । यस क्षेत्रमा भएको विकास हामी सवैको सम्पती भएकाले जेनजी आन्दोलन लगायत विभिन्न तहवाट किन पटक पटक यसै कम्पनीलाई मात्र आक्रमण हुन्छ भन्ने प्रश्न गर्दै आगामी दिनहरूमा हामी सबै एकजुट भई सम्पूर्ण शेयर सदस्यहरूले अपनत्व लिनु पर्ने धारणा राख्नुभयो ।
श्री चन्द्रनारायण श्रेष्ठबाट भाद्र २४ गतेको घटना सहननसक्ने गरी भएको कुरा स्मरणगर्दै कम्पनीवाट प्रस्ताव गरिएको बोनस शेयर वितरण स्वागत योग्य कुरा भएको भन्दै प्रवन्धपत्रमा संसोधनका लागि तिनमहले आउनु पर्ने धारणा राख्नुभयो । साथै उहाँबाट कम्पनीको साधारणसभा आर्थिक वर्ष समाप्त भएपश्चात यथासक्कै चाँडो राख्नका लागि समेत सुझाव दिनुभयो ।
श्री प्रतिक खनालबाट पाँच प्रतिशत वोनस शेयर वितरण गर्न लागिएकोमा धन्यवाद दिदै राइट शेयर जारी हुन लागेकोले हामी जस्ता शेयरधनीका लागि धेरै खुशीको कुरा भएको बताउनु भयो ।
श्री नितेष बस्नेतबाट यस कम्पनीको आफनै ब्रान्डको पहिचान भएकोले कम्पनीवाट दिइने सेवा सुविधालाई आवश्यकता अनुसार विभिन्न अफरहरू राखि पर्यटकहरू बढाउनु पर्ने सुझाव दिनु भयो ।
श्री श्रीहरि थापाबाट कम्पनीको सामाजिक उत्तरदायित्व मार्फत भइरहेको योगदानलाई केही थप गरी समग्र चन्द्रागिरि डाँडाको हरियाली, प्राकृतिक सम्पदाको संरक्षणकालागि जोड दिनुभयो । यसका साथै हाल कम्पनीवाट निमार्ण गर्न लागिएको परियोजना नियमानुसार कही कतै कुनै काम बाँकी भएको भए सो समेत पुरा गरी परियोजना अगाडी बढाउन सुझाव दिनु भयो ।
श्री कृष्ण प्रसाद खड्गीबाट बिगत देखि नै स्थानिय तहबाट दिइदै आएको सहयोग तथा साथ आगामी दिनहरूमा समेत निरन्तरता रहने विचार व्यक्त गर्दै कम्पनीबाट स्थानियहरूका लागि केवलकार टिकटमा दिन लागिएको पचास प्रतिशत छुट दिने निर्णयलाई स्वागत गर्दै स्थानीय स्तरका व्यक्तिहरूलाई रोजगारीमा दिदैं अवसर अझै बढाउनु पर्ने विचार राख्नुभयो ।
श्री बसन्ती श्रेष्ठबाट जेनजी आन्दोलनका कारण यस कम्पनीमा समेत क्षती पुगेकोमा दु:ख व्यक्त गर्दै स्थानीय स्तरमा उत्पादन हुने वस्तुको खरिद बिक्रीमा सहजीकरण गरिदिन आग्रह गर्दै कम्पनीको व्यवस्थापन टिममा महिलाहरूको सहभागीता नदेखिएकोले संविधानमा रहेको व्यवस्था अनुरुप तेत्तिस प्रतिशतलाई आधारमानी संख्याको व्यवस्थापन गर्नको लागि सुझाव दिनु भयो ।
श्री घनश्याम गिरिबाट आज भन्दा करिव १६ वर्ष अगाडी देखि उहाँले यस कम्पनीको काम कारवाहिका वारेमा आफनो तहवाट सक्दो सहयोग गर्दै आएको र हालसम्मको अवस्थामा आउनका लागि साविक थानकोट गा.वि.स अर्थात हालको यस चन्द्रागिरि नगरपीलकाको तर्फबाट यस पर्यटकीय स्थलमा आउने पर्यटकहरूका कारण यस क्षेत्रको व्यापार व्यवसायमा वृद्धि हुनुका साथै यस क्षेत्रको समग्र आर्थिक स्तर सुधार हुनुका अतिरिक्त यस परियोजनावाट ३०० जना भन्दा वढीले प्रत्यक्ष रोजगारी पाउनु स्थानियहरूको लागि निकै गौरवको कुरा भएको बताउनुभयो । जेनजी आन्दोलनका कारण करिब तिन महिना बन्द रहेको केवलकार लगायतमा लागेको आगोबाट सबै खरानी भएको भएता पनि अव हामी खरानीवाट उठेर भए पनि काम अगाडी वढाउछौं भनी संचालकहरू र व्यवस्थापनबाट गरिएको प्रयासका कारण छिट्टै पुःन संचालनमा आएकोमा खुशि व्यक्त गर्नु भयो । कम्पनीबाट हाल निर्माण गर्न लागिएको केवलकार तथा बैङकेट हल नगरपालिकाबाट नियमानुसार सवै प्रकिया पुरा गरी क्ष्भ्भ स्वीकृत गरिएको समेत जानकारी गराउदै कम्पनीवाट माग भई आएमा नगरपालिकाको तर्फवाट आवश्यक सहजिकरणका लागि सदैव साथ रहेको समेत व्यक्त गर्नु भयो ।
शेयरधनीहरूबाट उठाईएका विषयहरूको बारेमा अध्यक्षज्यूबाट जवाफ दिने कार्य गर्नुभयो । उहाँले यस कम्पनीको परिकल्पना आफुले सन २००३ मा गरेको बताउनु भयो । यस कम्पनी दुई चार जनाको मात्र हो भनेर भन्ने अवस्था छैन किनकी हाल करिब असी हजार भन्दा बढीको शेयर रहेको यस पब्लिक कम्पनीमा स्थानीयहरूको पनि सम्पत्ति हो भन्ने कुरा सबैले बुझ्नुपर्ने हो । यस परियोजना शुरु गर्ने बेला स्थानीयहरूको पूर्ण रुपमा सदभाव तथा सहयोग रहेकाले नै आजको यस अवस्थामा आउन कम्पनी सफल भएको छ । यसै रिसोर्ट परिसरमा निमार्ण गर्न लागेको नयाँ ब्याक्वेट हल तथा केवलकारको विस्तारको योजनाका विषयमा कम्पनीले हालसम्म गरेका कामहरूको बारेमा समेत जानकारी गराउनु भयो । साथै उहाँबाट आगामी दिनहरूमा अझै मेहनत गरेर व्यवसाय विस्तारको लागी बजार प्रर्वधनमा विशेष ध्यान पुर्‍याउन व्यवस्थापनलाई अनुरोध गर्दै आगामी दिनहरूमा चुस्त दुरुस्त ढङ्गले अगाडी वढाउन समेत अनुरोध गर्नुभयो । त्यसैगरी शेयर सदस्यहरूवाट गत वर्ष साधारणसभामा उठाएको कुराहरूलाई सम्बोधन हुने गरी कम्पनीवाट दिन लागिएको ५ प्रतिशत वोनस शेयर र चुक्ता पूँजीको १ बरावर १ अनुपातमा हदप्रद शेयर जारी गर्न लागिएको विषयमा जानकारी गराउनु भयो । यसका साथै चन्द्रागिरि केवलकार सेवाका उपकरणहरू विश्वकै उत्कृष्ट कम्पनीको भएको तथा सेवा शतप्रतिशत सुरक्षित रहेकाले समय समयमा विद्युत सेवा अवरुद्ध भएको अवस्था वा केही प्राविधिक कारणले केही समय केबलकार बन्द भएको विषय सामाजिक संजालहरूमा अतिरञ्जित रुपमा व्याख्या गरिएको व्यहोरा समेत जानकारी गराउनु भयो । त्यसैगरी आगामी साधारणसभा अगावै संचालक सदस्यमा एक जना महिला सदस्य आई सक्ने जानकारी गराउदै सम्पूर्ण शेयरधनीहरूका लागि चन्द्रागिरि भ्रमणलाई थप प्रोहत्सान गर्न तथा चन्द्रागिरिमा आ आफ्ना धार्मिक, समाजिक तथा पारिवारिक कार्यकमहरू, समारोहहरूको आयोजना गर्न आह्वान गनुभयो । त्यसैगरी कमश चन्द्रागिरि नगरपालिका,थाहा नगरपालीका र इन्द्रसरोवर गाँउपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने स्थानीयहरूका लागि आगामी २०८२ माघ १ गते देखि लागु हुने गरी केवलकार टिकटमा पचास प्रतिशत छुट दिने घोषणा गर्नु भयो । तर यसरी दिईने छुट सेवा लिनका लागि आफु स्थानीय भएको प्रमाण खुल्ने नागरिकता वा बसाइ सराईको कागज अनिवार्य रुपमा पेश गर्नु पर्ने समेत जानकारी गराउनु भयो । अन्त्यमा अध्यक्षज्यूबाट सम्पूर्ण शेयरधनीहरूबाट कम्पनीका बारेमा दिनुभएका राय सल्लाह, सुझाव तथा अनुरोधहरूका लागि सहृदय धन्यवाद ज्ञापन गर्दै कम्पनीको उत्तोरत्तर प्रगतिमा उहाँहरूको साथ, सहयोगको उच्च मुल्यांकन हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

८. **निणर्यहरू :**
माथिका समसामयिक विषयहरूमा उपस्थित शेयरधनी महानुभावहरूले सहभागिता जनाउने काम सम्पन्न भएपछि छलफलका क्रममा शेयरधनीहरूबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने सम्बन्धमा अध्यक्षज्यूवाट प्रतिबद्धता व्यक्त भएपछि विधिवत रुपमा वार्षिक साधारणसभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरू उपर छलफल भई निम्नानुसार निर्णय गरियो:

**क) सामान्य प्रस्ताव:**

**१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।**
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत सोह्रौं वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

**२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, आयव्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।**
लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व. २०८२ साल आषाढ मसान्तसम्मको वासलात, सोहि मितिमा समाप्त भएको आ.व.२०८१/०८२ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

**३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**
कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषयमा यस कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको रुपमा पि.वाई.सी एण्ड एसोसिएट्स् चार्टड एकाउण्टटेण्टस् लाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने र निजको पारीश्रमिक बापत रु. ४,५०,००० (चार लाख पचास हजार मात्र भ्याट बाहेक) निर्धारण गर्ने र कम्पनीका सवै आवश्यक अनुपालना प्रतिवेदनहरूको परिक्षण र प्रमाणीकरण तथा सोही आर्थिक वर्ष २०८२। ०८३ को कर लेखापरिक्षणको लागि पारिश्रमिक रु ५०,०००। अक्षरुपी पचास हजार भ्याट वाहेक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**४) कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशत ले हुन आउने रु ४०,३७,०८२ नगद लाभांश वितरण गर्ने ।**
कम्पनीबाट मिति २०८२ मंसिर २९ गतेको संचालक समितिको बैठकबाट सिफारीस भए अनुसार आ.व. २०८१।८२ को वितरण योग्य मुनाफाबाट हालको चुक्ता पूँजी रु १ अर्ब ५३ करोड ४० लाख ९१ हजार को ५ प्रतिशत अर्थात रु ७ करोड ६७ लाख ०४ हजार ५५० वरावरको बोनस शेयर जारी गर्ने प्रस्ताव अनुसार उक्त बोनस शेरयमा लाग्ने कर प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजीको ०.२६३२ प्रतिशत अर्थात रु ४० लाख ३७ हजार ०८२ नगद लाभांस वितरण गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

**ख) विशेष प्रस्ताव**

**१) संचालक समितिका स्वतन्त्र संचालक सदस्यको नियुक्ति अनुमोदन गर्ने ।**
कम्पनीको मिति २०८१ फाल्गुन २२ गतेको संचालक समितिको बैठकबाट रिक्त रहेको स्वतन्त्र संचालक समितिको सदस्य पदमा श्री विष्णु प्रसाद पराजुलीलाई बाँकी कार्यकालका लागि गरिएको नियुक्ति अनुमोदनका लागि प्रस्ताव पेश गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मती बाट पारित गरियो ।
साथै स्वतन्त्र संचालक सदस्यको पदावधी आजैवाट सकिने भएकोले मिति २०८२/०९/२० गते बसेको संचालक समितिबाट सिफारिस भई आएका तीन जना सदस्यहरू कमश श्री विष्णु प्रसाद पराजुली, पर्यटन क्षेत्रमा अनुभव प्राप्त ,श्री कृष्ण प्रसाद शर्मा पूर्व कर्मचारी नेपाल राष्ट्र बैक ,बैकिङ क्षेत्रमा अनुभव प्राप्त ,श्री ज्ञानेन्द्र अधिकारी अर्थशास्त्री मध्ये कम्पनी ऐन २०६३ को दफा ८६ वमोजिम श्री विष्णु प्रसाद पराजुलीलाई आगामी चार वर्षको लागि स्वतन्त्र संचालक पदमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**२) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरण गर्न योग्य मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।**
विशेष प्रस्ताव नं २ उपर छलफल हुँदा संचालक समितिको बैठकबाट सिफारिस भए बमोजिम आ.व. २०८१।८२ को वितरण योग्य मुनाफाबाट हालको चुक्ता पूँजी रु. १,५३,४०,९१,००० को ५ प्रतिशत अर्थात रु ७,६७,०४,५५० (अक्षरेपी सात करोड सत्सठ्ठी लाख चार हजार पाँच सय पचास रुपैंयाँ) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने निर्णय पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

**३) कम्पनीको आ.व. २०८१/०८२ को प्रस्तावित बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजीको १ बरावर १ अनुपातमा हकप्रद शेयर जारी गर्ने ।**
विशेष प्रस्ताव नं ३ उपर छलफल हुँदा संचालक समितिको बैठकबाट सिफारिस भए अनुसार आ.व. २०८१।८२ को प्रस्तावित ५ प्रतिशत बोनस शेयर वितरण पश्चात कायम हुने कुल चुक्ता पूँजी रु १,६१,०७,९५,५५० /- को १ बरावर १ अनुपात अथवा १०० प्रतिशतमा हुने रु. १,६१,०७,९५,५५०/- (अक्षरेपी एक अर्व एकसठ्ठी करोड सात लाख पन्चान्नब्बे हजार पाँच सय पचास रुपैंयाँ मात्र) बराबरको हकप्रद शेयर जारी गरी वितरण गर्न स्वीकृत गर्ने निर्णय पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो ।

**४) कम्पनीको प्रबन्धपत्रको दफा ६ को कम्पनीको पूँजी संरचना संसोधन गर्ने ।**
विशेष प्रस्ताव नं. ४ उपर छलफल हुँदा उल्लेखित बोनस शेयर प्रदान गर्ने र सो पश्चात कायम हुने चुक्ता पूँजी को १:१ अनुपातको हकप्रद शेयर जारी गरी वितरण गर्ने प्रस्ताव पारित भए संगै कम्पनीको हालको अधिकृत पूँजी रु २,००,००,००,०००।- (अक्षरेपी दुई अर्व रुपैंयाँ) मात्र भएकाले सो समेतलाई मध्यनजर गरी कम्पनीको अधिकृत पूँजी रु. २ अर्ब बाट वृद्धि गरी रु. ३,५०,००,००,०००।- (अक्षरेपी तीन अर्ब पचास करोड रुपैंया) कायम गर्ने र बोनस शेयर प्रदान गरे पश्चात कायम हुने चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर जारी गरी वितरण गरे पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सो हदसम्म जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रबन्धपत्रमा पूँजी संरचना संसोधन गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी बिशेष प्रश्ताव अर्न्तगत प्रबन्धपत्रको दफा ६(क) कम्पनीको अधिकृत पूँजी, दफा ६(ख) कम्पनीको जारी पूँजी र दफा ६ (ग) कम्पनीको चुक्ता पूँजी वृद्धि गरी पूँजी संरचना संसोधन गरियोस् भनी सभामा पेश भएकोमा देहाय बमोजिम प्रबन्धपत्र संसोधन र परिमार्जन गर्ने गरी सभाबाट सर्वसम्मतिबाट पारीत गरी कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख समेत गराउने निर्णय गरी स्वीकृत गरियो ।

**देहाय**
प्रबन्धपत्रमा देहाय बमोजिमको थप तथा संसोधन गर्ने :

**दफा ६ (क)**
कम्पनीको अधिकृत पूँजी रु. ३,५०,००,००,०००।- (अक्षरेपी तीन अर्ब पचास करोड रुपैंया) हुनेछ । सो पूँजीलाई रु. १०० दरका ३,५०,००,००० (तीन करोड पचास लाख) थान साधारण शेयमा विभाजन गरिएको छ ।

**दफा ६ (ख)**
कम्पनीको जारी पूँजी रु. १,६१,०७,९५,५५०।- (अक्षरेपी एक अर्व एकसठ्ठी करोड सात लाख पन्चान्नब्बे हजार पाँच सय पचास रुपैंया) हुनेछ । सो पूँजीलाई रु. १०० दरका १,६१,०७,९५५ (एक करोड एकसठ्ठी लाख सात हजार नौ सय पचपन्न) थान साधारण शेयमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)**
कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,६१,०७,९५,५५०।- (अक्षरेपी एक अर्व एकसठ्ठी करोड सात लाख पन्चान्नब्बे हजार पाँच सय पचास रुपैंया) हुनेछ । सो पूँजीलाई रु. १०० दरका १,६१,०७,९५५ (एक करोड एकसठ्ठी लाख सात हजार नौ सय पचपन्न) थान साधारण शेयमा विभाजन गरिएको छ । सो मध्येको रु. १,५३,४०,९१,०००।- (अक्षरेपी एक अर्ब त्रिपन्न करोड चालीस लाख एकान्नब्बे हजार रुपैंया) चूक्ता भै सकेको र बाँकी हुन आउने पूँजी रु ७,६७,०४,५५० (अक्षरेपी सात करोड सत्सठ्ठी लाख चार हजार पाँच सय पचास) बोनस शेयर वितरण पश्चात मात्र चूक्ता हुनेछ ।

**५) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरूबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**
विशेष प्रश्ताव नं. ५ उपर छलफल हुँदा कम्पनीको प्रबन्धपत्र र नियमावलीलाई समय सापेक्ष बनाउन आवश्यक भएकाले देहाय बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन वा परिमार्जन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरूबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने गरि सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रश्ताव पारित गरी स्वीकृत गरियो ।
यसैगरि हकप्रद शेयर वितरण पश्चात कम्पनीको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सो पूँजी वृद्धिको हदसम्म कम्पनीको प्रबन्धपत्रमा जारी पूँजी र चुक्ता पूँजी संसोधन गरि कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख समेत गराउने कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत पारित गरियो ।

देहाय

**प्रबन्धपत्रमा देहाय बमोजिम संसोधन गर्ने**

**दफा ६ (घ).**
व्यवस्था नगरिएको वा हटाइएको ।

**दफा ६ (ङ).**
व्यवस्था नगरिएको वा हटाइएको ।

**दफा ८ (ख).**
व्यवस्था नगरिएको वा हटाइएको ।

**नियमावलीमा देहाय बमोजिमको संसोधन गर्ने**

**दफा (७). विभिन्न वर्गका शेयरहरू जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीहरूको हक, अधिकार र बन्देजहरू : -**

**दफा ७ (क)**
यस कम्पनीबाट जारी हुने सम्पूर्ण शेयरहरू साधारण शेयर हुनेछन् ।

**दफा ७ (ख)**
व्यवस्था नगरिएको वा हटाइएको ।

**दफा २७. संचालक समितिको गठन, संख्या र कार्यकाल : -**

**दफा २७ (२)**
यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । जसमध्ये १ (एक) जना स्वतन्त्र संचालक रहनेछन्

**दफा २७ (२) (क)**
कम्पनीका शेयरधनी मध्येबाट आपसी समझदारीमा मनोनित वा निर्वाचित ६ (छ) जना संचालक हुनेछन् ।

**दफा २७ (२) (ख)**
कम्पनीले कम्पनी ऐनले तोकेको योग्यता पुगेका १ (एक) जना व्यक्तिलाई स्वतन्त्र संचालकको रुपमा नियुक्त गर्नेछ ।

**दफा ३१.सञ्चालक नियुक्ती सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा : -**
संचालक समितिमा नियम २७ मा उल्लेख एक अनुसार सञ्चालक नियुक्त हुनेछन् ।

**दफा ३१ (क), ३१(ख) र ३१(ग)**
व्यवस्था नगरिएको वा हटाइएको ।

**६) संचालक समितिका सदस्यहरूलाई प्रदान गरिने सेवा सुविधा ।**
संचालक समितिका सदस्यहरूका लागि तपशिलमा उल्लेख गरिए बमोजिमको रकम (कर सहित) संचालक समितिका सदस्यहरूलाई मासिक रुपमा भुक्तानी गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

| विवरण | यातायत/इन्धनका लागि | पत्रपत्रिका/संचार खर्चका लागि | जम्मा |
|---|---|---|---|
| अध्यक्षका लागि | ३५,०००/ | १५,०००/ | ५०,०००/ |
| संचालक सदस्यको लागि | २५,०००/ | १५,०००/ | ४०,०००/ |

**७) प्रभु बैक लिमिटेडबाट नयाँ परियोजना निर्माणका लागि लिएको कर्जा अनुमोदन गर्ने ।**
कम्पनीबाट नयाँ परियोजना अर्न्तगतको ब्याङक्वेट हल तथा नयाँ केवलकार निमार्णका लागि प्रभु बैंक लि.बाट लिइएको रु.२० करोड वरावरको परियोजना कर्जा अनुमोदन गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

**श्री झलकराज शर्मा**
(कम्पनी सचिव)

**श्री हेमराज ढकाल**
(अध्यक्ष)